*Academic Journal of Sukuna – AJoS: A Peer-reviewed Journal*
*(Special Issue on Nepali Language and Literature)*
*Vol. 4, Issue 1: 2024 May (2081 Jetha), PP. 156- 173*
*ISSN: 2594-3138 (Print)*
*Research Management Cell (RMC-Sukuna), Sundarharaincha, Morang*

# आदर्श राघव महाकाव्यमा वर्णविन्यास वक्रता

यज्ञप्रसाद गुरागाईँ, पिएच. डी.
उपप्राध्यापक, नेपाली विभाग, धनकुटा बहुमुखी क्याम्पस, धनकुटा
guragain.yagya@gmail.com

## लेखसार

*आदर्श राघव* सोमनाथ शर्मा सिग्द्यालद्वारा रचित नेपाली महाकाव्य हो । यस काव्यमा वाल्मीकि रामायणमा वर्णित कथानकलाई कविले आफ्ना मौलिकपनद्वारा पल्लवित गरी काव्यरूप दिएको देखिन्छ । यसमा पूर्वीय आचार्य राजानक कुन्तकले स्थापना गरेको वक्रोक्ति सिद्धान्तअन्तर्गतको वर्णविन्यास वक्रताको के-कस्तो प्रयोग भएको छ भन्ने मुख्य प्राज्ञिक समस्याको समाधानार्थ वर्णविन्यास वक्रताको अवस्था पत्ता लगाउने उद्देश्य राखिएको छ । यस महाकाव्यलाई विभिन्न आधारमा अध्ययन विश्लेषण गरिएको पाइए पनि वर्णविन्यास वक्रताको प्रयोगको अवस्था पत्ता लगाउने गरी हालसम्म कुनै अध्ययन भएको नपाइएकाले अनुसन्धानगत रिक्तता परिपूर्ति गर्न गरिएको यस अध्ययनको औचित्य पनि रहेको छ । वर्णविन्यास वक्रताका आधारमा *आदर्श राघव* महाकाव्यको अध्ययन मात्र गरिएको यस लेखमा उक्त महाकाव्यमा प्रयुक्त वर्णविन्यास वक्रताका प्रयोगहरूलाई प्राथमिक स्रोतका सामग्री र *आदर्श राघव* महाकाव्य तथा वक्रोक्ति सिद्धान्तको सैद्धान्तिक चर्चा गरिएका पुस्तक, पत्रपत्रिका तथा अनुसन्धानात्मक शोधकार्यलाई द्वितीय स्रोतको सामग्री मानी तिनको उपयोग गरिएको छ । वर्णविन्यास वक्रताका भेदहरू एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, तलनादि द्वित्ववर्ण वक्रता, रकारादि संयुक्तवर्ण वक्रता तथा यमक र यमकाभास वक्रताका प्रयोगहरूको विश्लेषण यहाँ गरिएको छ भने यो काव्य वर्णविन्यास वक्रता प्रयोगका दृष्टिले समृद्ध बनेको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी :* वर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, तलनादि द्वित्ववर्ण वक्रता, रकारादि संयुक्तवर्ण वक्रता, सौन्दर्यातिशय

## विषयपरिचय

*आदर्श राघव* सोमनाथ शर्मा सिग्द्यालद्वारा रचित महाकाव्य हो । वाल्मीकि रामायण र अध्यात्म रामायणमा आधारित यस काव्यमा रघुवंशी राजा रामको लोक प्रसिद्ध पौराणिक कथावस्तु छ (जोशी, २०४६, पृ. ३९) । महाकाव्यकार सिग्द्यालले यस काव्यलाई मौलिक रूपमा प्रस्तुत गरेका छन् । सिग्द्यालको महाकाव्यात्मक कला यस काव्यमा प्रयोग भएको छ । यस काव्यमा महाकाव्यसम्बन्धी लक्षणहरू यथास्थानमा प्रयुक्त भएकाले (जोशी, २०४६, पृ. ३९) यस रचनालाई पूर्वीय महाकाव्य मान्यतामा आधारित महाकाव्य पनि भन्न सकिन्छ ।

वक्रता वा वक्रोक्ति दशौँ शताब्दीका पूर्वीय आचार्य राजानक कुन्तकद्वारा प्रतिपादन गरिएको साहित्य सिद्धान्त हो । कुन्तकपूर्व नै वक्रोक्ति शब्दको प्रयोग भएको भए पनि कुन्तकले यसलाई काव्यको आत्माका रूपमा प्रतिष्ठित गरे (थेगिम, सन् १९९२, पृ. ३७) । *वक्रोक्तिजीवितम्* नामको काव्यशास्त्रीय ग्रन्थमा उनले वक्रोक्तिसम्बन्धी अवधारणा प्रस्तुत गरेका छन् । शर्मा र लुइटेलले यसलाई साहित्य समालोचनाको वस्तुवादी सिद्धान्त मानेका छन् (२०७२, पृ. ९३) । यस सिद्धान्तलाई वस्तुवादी किन भनिएको हो भने यसले कृतिमा निहित वक्रताले युक्त तथ्यहरूलाई आधार मानी कृतिको विश्लेषण गर्दछ । यस सिद्धान्तले साहित्यिक कृतिका वर्णदेखि प्रबन्ध तहसम्मको विश्लेषण गर्न सक्ने आधार उपलब्ध गराएको छ (गुरागाईँ, २०७८, पृ. २) । त्यसैले यसलाई साहित्यिक रचनाका समग्र तहको विवेचना गर्ने साहित्य समालोचनाका रूपमा लिने गरिन्छ । वक्रोक्ति सिद्धान्तका जम्मा छ भेदहरूमध्येको एउटा भेद वर्णविन्यास वक्रता हो । यसलाई प्राचीन आचार्यहरूद्वारा अनुप्रास अलङ्कारको नाम दिइएको छ (कुन्तक, २०१२, पृ. ६६) । यस भनाइबाट वर्णविन्यास वक्रता र अनुप्रास अलङ्कार एउटै कुरा हुन् भन्ने देखिन्छ । तर वर्णविन्यास वक्रताको सैद्धान्तिक परिचय दिने क्रममा कुन्तकद्वारा प्रस्तुत गरिएका अवधारणाहरू र अनुप्रास अलङ्कारको स्वरूपको वर्णन गर्ने क्रममा व्यक्त अवधारणालाई हेर्दा यिनका बिचमा साम्य र वैषम्य दुवै अवस्था देखिन्छ ।

वर्णविन्यास वक्रताका सन्दर्भमा वर्ण शब्दले व्यञ्जन वर्णलाई बुझाउँछ (कुन्तक, २०१२, पृ. १७०) भने अनुप्रास अलङ्कारमा पनि स्वरको नभएर व्यञ्जन वर्णकै साम्यको अपेक्षा रहेको हुन्छ (नगेन्द्र, सन् १९८३, पृ. १८०) । दुवैमा वर्णावृत्ति अनिवार्य छ । दुवैको दृष्टिकोण वस्तुपरक भएकाले यिनले कृतिको विवेचनाका लागि वस्तुपरक आधार प्रदान गरेका छन् । तथापि अनुप्रास अलङ्कारमा भन्दा वर्णविन्यास वक्रतामा स्वभावसौन्दर्यको वर्णन अधिक हुन्छ । अनुप्रास अलङ्कार कृतिको बहिरङ्ग पक्षको विवेचनामा केन्द्रित हुन्छ भने वर्णविन्यास वक्रताले कृतिको अन्तरङ्ग पक्षको समेत विवेचना गर्दछ । वर्णविन्यास वक्रताभित्र समेटिएका यमक र यमकाभास वक्रतालाई अनुप्रास अलङ्कारले समेट्दैन । अनुप्रास अलङ्कारमा एक वा अनेक वर्णहरू आदि, मध्य र अन्त्यको क्रममा आवृत्त हुनुपर्छ (श्रेष्ठ, २०५८, पृ.१२८) भने वर्णविन्यास वक्रतामा त्यस्तो क्रममा भन्दा पनि स्वल्पान्तरमा व्यवधानसहित वा व्यवधानरहित रूपमा आवृत्त हुनुपर्ने अपेक्षा राखिन्छ (कुन्तक, २०१२, पृ. १६९) ।

पूर्वावृत्त वर्णहरूको परित्याग गर्दै नव नव वर्णको आवृत्तिबाट सौन्दर्यको सिर्जना गर्नुपर्ने वर्णविन्यास वक्रताको सर्त अनुप्रास अलङ्कारमा पाइँदैन। यसर्थ वर्णविन्यास वक्रता र अनुप्रास अलङ्कारका बिचमा समानता र भिन्नता दुवै स्थिति रहेको पुष्टि हुन्छ।

*आदर्श राघव* महाकाव्यमा यस भेदको प्रयोगको अवस्था के कस्तो छ भन्ने मुख्य प्राज्ञिक समस्याको समाधानार्थ उक्त काव्यमा वर्णविन्यास वक्रताको प्रयोगावस्था पत्ता लगाउनु यस लेखको उद्देश्य रहेको छ। ताराप्रसाद जोशीले यस महाकाव्यमा प्रयुक्त वक्रोक्तिको सतही वर्णन गरेको पाइए पनि वर्णविन्यास वक्रताका विभिन्न भेदहरूलाई आधार मानी सो कृतिको विश्लेषण गरेको नपाइएकाले अनुसन्धानगत रिक्ततालाई परिपूर्ति गर्न गरिएको यस नवीन अध्ययनको औचित्य पनि रहेको छ।

## अध्ययन विधि र सामग्री

महाकाव्यकार सोमनाथ शर्मा सिग्द्यालकृत *आदर्श राघव* महाकाव्यमा प्रयोग भएका वर्णविन्यास वक्रतासम्बद्ध उदाहरणहरूलाई तथ्यका रूपमा उपयोग गरी यो लेख तयार गरिएकाले यहाँ गुणात्मक ढाँचाको अवलम्बन भएको छ। पूर्वीय आचार्य कुन्तकद्वारा प्रतिपादन गरिएको वर्णविन्यास वक्रताका सातओटा भेदहरू एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, तलनादि द्वित्ववर्ण वक्रता, रकारादि संयुक्तवर्ण वक्रता तथा यमक र यमकाभास वक्रताहरूलाई अध्ययनका ढाँचाका रूपमा उपयोग गरिएको छ। वर्णविन्यास वक्रताको सिद्धान्तअनुसारका महाकाव्यका श्लोकहरूलाई तथ्यका रूपमा उपयोग गरी वर्णविन्यास वक्रताको सिद्धान्त प्रयोग भएको पुष्टि गरिएकाले यहाँ प्रस्तुतीकरणको विधिका रूपमा भने निगमनात्मक विधिलाई उपयोग गरिएको छ। यहाँ श्लोकलाई उद्धृत गर्दा सर्ग र श्लोक सङ्ख्यालाई उल्लेख गरिएको छ। खास तथ्यहरूको व्याख्या विश्लेषण समेत प्रस्तुत गरिएकाले यहाँ विश्लेषणात्मक विधिको समेत उपयोग गरिएको छ।

यस लेखका लागि उपयोगी हुने सामग्रीहरू प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सङ्कलन गरिएका छन्। उल्लिखित महाकाव्यका सान्दर्भिक श्लोकहरूलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा यहाँ उपयोग गरिएको छ भने *आदर्श राघव* महाकाव्य र वक्रोक्ति सिद्धान्तका बारेमा लेखिएका पुस्तक, लेख तथा अनुसन्धानमूलक कार्यहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ।

## नतिजा र छलफल

आचार्य कुन्तकले वक्रोक्तिसम्बन्धी मान्यतालाई *वक्रोक्तिजीवितम्* ग्रन्थका कारिका, वृत्ति र उदाहरण तीनै भागबाट स्पष्ट पारेका छन्। यस ग्रन्थको प्रथमोन्मेषको कारिकामा उनले वक्रोक्तिलाई "वैदग्ध्यभङ्गीभणिति" भनेका छन् (२०१२, पृ. ५१)। यसको आशय वक्रोक्ति भनेको प्रतिभासम्पन्न कविद्वारा प्रस्तुत भएको चतुरतापूर्ण

कथन हो । उक्त ग्रन्थको वृत्ति भागमा वक्रोक्तिलाई थप स्पष्ट पार्दै कुन्तकले के भनेका छन् भने वक्रोक्ति लोकप्रसिद्ध कथनभन्दा भिन्न प्रकारको कथन हो, यो एक प्रकारको विचित्र अभिधा हो र चातुर्यपूर्ण कविकर्म कौशलद्वारा व्यक्त गरिएको विच्छित्तियुक्त उक्ति पनि हो (२०१२, पृ. ५१) । यस अवधारणानुसार वक्रोक्ति भनेको लोकमा प्रचलित कथनभन्दा फरक किसिमको कथन, विचित्र अभिधा अर्थात् विचित्र किसिमको कथनशैली, प्रतिभासम्पन्न कविको चतुरतापूर्ण अभिव्यक्ति र आह्लादयुक्त उक्ति हो । साहित्यको समालोचना गर्ने सिद्धान्तका रूपमा स्थापित वक्रोक्तिका वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता गरी जम्मा छ ओटा भेदहरू रहेका छन् ।

वर्णहरूको विन्यासलाई वर्णविन्यास भनिन्छ । वर्णको विशेष किसिमको निबन्धन नै वर्णविन्यास हो (कुन्तक, सन् २०१४, पृ. ५७) । विशेष प्रकारको निबन्धन भनेको विशेष प्रकारको प्रस्तुति हो । पौडेलले काव्यकृतिका सन्दर्भमा वर्णलाई लघुत्तम एकाइ मान्दै वर्णको संयोजनमा विशेष दक्षता प्रकट गर्नु नै वर्णविन्यास वक्रता हो भनेका छन् (२०६८, पृ. ६०६) । यस भनाइमा लघुतम एकाइ मानिने वर्णहरूको प्रतिभावान् कविबाट दक्षतापूर्वक भएको संयोजनलाई वर्णविन्यास वक्रता भनिएको बुझिन्छ । शर्माका अनुसार वर्णविन्यास वक्रता भनेको वर्णहरूको वैचित्र्य विन्यासबाट उत्पन्न हुने कृतिगत चारुता हो (२०७४, पृ. ६) । वर्णहरूको वैचित्र्य विन्यास भनेकै वर्णहरूको प्रयोगबाट उत्पन्न भएको सौन्दर्य हो र यस प्रकारको सौन्दर्यबाट कृतिमा निहित चारुता झल्कन्छ भन्ने शर्माको उक्त भनाइको आशय हो ।

कुन्तकका अनुसार प्रसिद्ध स्थानभन्दा भिन्न स्थानमा विचित्रता प्रकट गर्ने गरी उपनिबद्ध भएका र शोभा सम्पादनबाट काव्य मर्मज्ञका लागि आह्लाद सिर्जना गर्ने वर्ण वा अक्षरको विशिष्ट रचना नै वर्णविन्यास वक्रता हो (सन् २०१७, पृ. ६८–६९) । वर्णविन्यास वक्रता हुनका लागि वर्णको प्रयोग सामान्य स्थानभन्दा भिन्न हुन आवश्यक छ, त्यस्तो प्रयोगले विशेष शोभा सम्पादनका कारण सहृदयका मनमा आह्लाद उत्पन्न गराउने हुनुपर्छ र यस्तो विचित्रताले युक्त वर्ण वा अक्षरको प्रस्तुति हुनुपर्छ भन्ने कुरा उनको उल्लिखित भनाइबाट स्पष्ट हुन्छ । कुन्तकले वर्णविन्यासको विधान शाब्दिक चमत्कारका लागि नभएर वर्ण्य वस्तुको औचित्यलाई ख्याल गरी आनन्दानुभूति बढाउने हेतुले गर्नुपर्ने धारणा राखेका छन् (उपाध्याय, २०६७, पृ. २२४) । वर्ण्य वस्तु अनुकूलका वर्णहरूको विन्यास हुँदा सहृदयका मनमा आह्लाद सिर्जना हुने कुरालाई कुन्तकले जोड दिएका छन् । काव्यमा साङ्गीतिकता, लयात्मकता, श्रुतिमधुरता र गेयात्मकता प्रदान गर्ने काम वर्णविन्यास वक्रताले गर्दछ (खनाल, २०६८, पृ. १०५) । यसर्थ काव्यलाई महिमामय, आह्लादमय तथा प्रभावमय बनाउन वर्णविन्यास वक्रताको भूमिका रहने गर्दछ ।

भाषा प्रयोगमा वर्ण स्वर र व्यञ्जन गरी दुई प्रकारको हुने भए पनि कुन्तकले वर्णविन्यास वक्रताका सन्दर्भमा 'वर्ण' लाई व्यञ्जन वर्णको पर्यायका लिएका छन् (अधिकारी, २०७३, पृ. २३९)। यसर्थ वर्णविन्यास वक्रताको शोभा सम्पादनमा व्यञ्जन वर्णहरूको मात्र महत्त्व रहने हुँदा यस वक्रताको अध्ययनका क्रममा काव्यमा यिनको प्रयोगको अवस्था के कस्तो छ भन्ने कुरा पत्ता लगाउने गरिन्छ।

वर्णविन्यास वक्रताका लागि कुन्तकले केही प्रतिबन्धात्मक विषयहरू पनि प्रस्तुत गरेका छन्। उनका अनुसार वर्णविन्यास वक्रताको शोभा सम्पादनका लागि आवृत्त वर्णहरू वर्ण्य विषयानुरूप तथा रसानुकूल हुनुपर्छ। वर्णावृत्ति कृत्रिम नभई स्वाभाविक हुनुपर्छ। छोटो छोटो अन्तरालमा आवृत्त वर्णहरूले मात्र यस प्रकारको सौन्दर्यको सिर्जना गर्ने भएकाले स्वल्पान्तरमा वर्णको आवृत्ति आवश्यक हुन्छ। कुनै एउटा वर्णको मात्र आवृत्ति हुनुभन्दा नव नव वर्णको आवृत्ति हुनुपर्छ। प्रसाद गुणले युक्त वर्णहरूको प्रयोग र श्रुतिसुखद वर्णहरूको प्रयोग वर्णविन्यास वक्रताका लागि आवश्यक हुन्छ। वीर, रौद्र र भयानक कठोर रसका सन्दर्भमा प्रयुक्त कठोर वर्णहरू रसानुकूलका कारण उपकारक नै मानिन्छन् (अधिकारी, २०७३, पृ. २३९)। यसबाट के स्पष्ट हुन्छ भने सुविचारित वर्णको प्रयोगभन्दा सहज स्वाभाविक रूपमा प्रयुक्त वर्णहरूको प्रयोग वर्णविन्यास वक्रताका लागि उपयुक्त हुन्छ।

वर्णविन्यास वक्रताका पनि विभिन्न भेदहरू रहेका छन्। कुन्तकका अनुसार एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, तलनादि द्वित्ववर्ण वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, रकारादि संयुक्तवर्ण वक्रता तथा यमक र यमकाभास वक्रता यस वक्रताका भेदहरू हुन्। व्यवधानसहित वा व्यवधानरहित रूपमा एक, दुई र बहुवर्णको आवृत्तिबाट उत्पन्न सौन्दर्यलाई क्रमशः एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता र बहुवर्णविन्यास वक्रता भनिन्छ। 'त','ल' 'न' आदि वर्ण नै दोहोरिएर बनेको द्वित्व रूपबाट सृजित सौन्दर्यलाई तलनादि द्वित्ववर्ण वक्रता भनिन्छ। 'क' देखि 'म' सम्मका वर्णहरू आफ्नै वर्गका पञ्चम वर्णसँग संयुक्त भई आएर सिर्जना भएको सौन्दर्यचाहिँ वर्गान्तयोगी स्पर्शवर्ण वक्रता हो। उल्लिखित वर्णबाहेकका वर्णहरू रकारसँग संयुक्त भई आउँदा रकारादि संयुक्तवर्ण वक्रता हुन्छ भने समान वर्णहरू भिन्नार्थक भई आवृत्त हुँदा यमक र समान वर्णहरू यमक नभई स्वरभेदका कारण यमकको आभास दिनेगरी प्रयुक्त भएमा यमकाभास वक्रता हुन्छ।

यहाँ *आदर्श राघव* महाकाव्यबाट लिइएका एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, तलनादि द्वित्ववर्ण वक्रता, रकारादि संयुक्तवर्ण वक्रता तथा यमक र यमकाभास वक्रताका उदाहरणहरूलाई तथ्यका रूपमा लिई तिनको विश्लेषण गरिएको छ :

**एकवर्णविन्यास वक्रता**

यहाँ *आदर्श राघव* महाकाव्यबाट लिइएका एकवर्णविन्यास वक्रता प्रयोग भएका केही उदाहरणहरूलाई तथ्यका रूपमा लिई तिनको विश्लेषण गरिएको छ :

तथ्य १: शुद्धयाइ हावा शुभ हव्य-गन्धले,
आकाश भर्दै नव-होम-धूमले ।
भू-भागमा औषधि अन्नले भरी,
गर्छन् गृहस्थ स्थिति पुष्टि बेसरी ॥ (२/१०)

दशरथलाई पुत्र प्राप्त भएपछि अयोध्या दरबारमा हर्ष बढ्नुका साथै उनको गृहस्थी जीवन पनि सबल बन्दै गएको भावको अभिव्यक्तिका क्रममा व्यक्त यस काव्यांशमा अयोध्या नरेशले गृहस्थी जीवनमा गरेको कार्यको वर्णन भएको छ । उनले यज्ञको आयोजना गरी गरेका हवनादि कर्मका गन्धले हावा शुद्ध हुन पुगेको, त्यस्ता कार्यबाट उत्पन्न धुँवाले आकाश भरिएको, भूभाग औषधि र अन्नले भरिपूर्ण भएको र गृहस्थी जीवनको अवस्था पनि परिपुष्ट बन्न पुगेको भाव यहाँ व्यक्त भएको छ । यस भावाभिव्यक्तिका क्रममा उक्त काव्यांशमा प्रयुक्त 'हावा', 'हव्य' र 'होम' शब्दमा 'ह' वर्ण व्यवधानसहित तीनपटक; 'शुद्धयाइ', 'शुभ', 'आकाश' शब्दमा 'श' वर्ण व्यवधानसहित तीनपटक; 'भू-भाग' र 'भरी' शब्दमा 'भ' वर्ण व्यवधानरहित र व्यवधानसहित तीनपटक; 'गर्छन्' र 'गृहस्थ' शब्दमा 'ग' वर्ण दुईपटक; 'होम र 'धूम' शब्दमा 'म' वर्ण दुईपटक तथा 'गृहस्थ', 'स्थिति', र 'बेसरी' शब्दमा 'स' वर्ण व्यवधानसहित तीनपटक आवृत्त भएका छन् । 'पुष्टि' शब्दको 'ष' वर्ण पनि समान उच्चारणमा आएको छ । आवृत्त यी स्पर्शी र ऊष्म वर्णहरू कोमल छन् र राजाको शान्तसौम्य कर्मको भावानुकूल पनि छन् । यी वर्णको प्रयोगका कारण काव्यांशमा लयात्मकता, श्रुतिपेशलता र आह्लादकताको अवस्था पैदा पनि भएको छ । माधुर्य गुण र उपनागरिका वृत्तिव्यञ्जक यी वर्णहरू काव्यांशका भावको उपकारक बनेका छन् । यसर्थ यहाँ एकवर्णविन्यास वक्रताको शोभा देखापरेको छ ।

तथ्य २: वरिपरि निशाचरीको घेरा,
विचरी चरी सरी बिचमा ।
रमणी–मणि भारतकी,
देखे, सुख दुःख दोहरा रसमा ॥ (१०/१९)

हनुमान्ले सीतालाई पहिलोचोटि देख्ताकी सीताका अवस्थाको वर्णन गरिएको यस काव्यांशमा रावणद्वारा अपहरित भारतकी मणि सीता निशाचरहरूका घेराबन्दीमा परेर चिन्ताग्रस्त अवस्थामा थिइन् भन्ने भाव अभिव्यक्त भएको छ । यस भावको अभिव्यक्तिका लागि यहाँ 'वरिपरि', 'निशाचरी', 'घेरा', 'विचरी' 'चरी' 'सरी' 'रमणि' 'भारतकी' र 'रसमा' पदहरूमा 'र' वर्णको; 'देखे', 'सुख' र 'दुःख' पदहरूमा 'ख' वर्णको तथा 'दुःख' र 'दोहरा' पदहरूमा 'द' वर्णको आवृत्ति भएको देखिन्छ । यी आवृत्त कोमल वर्णहरूले सीताको दयनीय एवम् कारुणिक अवस्थालाई उजागर गर्न उपयुक्त छन् । विमल भाव कोमला वृत्तियुक्त यी वर्णहरू प्रसाद गुणले

युक्त पनि देखिन्छन्। वर्ण र अर्थका बिचमा सहकारिता ल्याएका तथा करुण रसका उपकारका रूपमा प्रयुक्त भएका यी वर्णहरूको प्रयोगका कारण काव्यांशमा श्रुतिमाधुर्य, लयसौन्दर्य र आह्लादकता सिर्जना भई अपहरित सीता अत्यन्त नाजुक अवस्थामा रहेकी छिन् भन्ने काव्यांशको भाव हृदयस्पर्शी बनेको छ। अलग अलग एकवर्णको आवृत्ति भई वैचित्र्य सिद्धिसमेत भएकाले यहाँ एकवर्णविन्यास वक्रताको शोभा देखा परेको छ।

**द्विवर्णविन्यास वक्रता**

यहाँ *आदर्श राघव* महाकाव्यमा द्विवर्णविन्यास वक्रता प्रयोग भएका केही तथ्यहरू प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ :

तथ्य १: पट्काई पट–पट शब्द बारबार,
वर्षन्थे फट–फट दण्डका प्रहार।
चट्काई चट–चट अग्निका फिलिङ्गा,
उफ्रन्थे भट–भट तेजिला तिलिङ्गा ॥ (९/३२)

बाली र सुग्रीवको पारस्परिक युद्धको चर्चा गरिएको यस काव्यांशमा बाली र सुग्रीवले वाक् र शस्त्रास्त्र प्रहार गरी जित्न उत्साहित भई भीषण युद्ध गरेका थिए भन्ने भावको अभिव्यक्ति भएको छ। यस क्रममा यहाँ ‘पट्काई’ र ‘पट–पट’ शब्दमा ‘पट’ वर्णसमूह व्यवधानसहित र व्यवधानरहित दुवै रूपमा तीनपटक; ‘फट–फट’ शब्दमा ‘फट’ वर्णसमूह व्यवधानरहित अवस्थामा दुईपटक; ‘चट्काई’, र ‘चट–चट’ शब्दमा व्यवधानसहित र व्यवधानरहित दुवै अवस्थामा तीनपटक र ‘भट–भट’ शब्दमा ‘भट’ वर्णसमूह व्यवधानरहित अवस्थामा दुईपटक आवृत्त भएका छन्। आवृत्त भएका यी वर्णहरू कठोर छन् र यिनले युद्धको उग्र कठोर अवस्थालाई अभिव्यञ्जित गर्न सहयोग गरेकाले वर्ण र अर्थका बिचमा सहकारिता पनि पाइएको छ। काव्यांशका सबै पङ्क्तिमा ओज गुण र परुषा वृत्तिव्यञ्जक वर्णसमूहको आवृत्ति भएकाले लयात्मकता र सौन्दर्यातिशयता पैदा पनि भएको छ। श्रुतिपेशल नभए पनि कठोर मानिएको वीर रसको उपकार गरेकाले यिनमा वर्णविन्यास वक्रताको गुण स्पष्टसँग देख्न सकिन्छ। यसर्थ यहाँ द्विवर्णविन्यास वक्रताले काव्यांशको भावलाई महिमामय तुल्याएको छ।

तथ्य २: वाहाँ रावणको महाबल यहाँ साहाय्य गर्ने छँदा,
आहा मानि, जहाँ जहाँ पनि थियो चाहा र डाहा सदा।
हाहा पारि, तुहाइ हालत, यही स्वाहा तबाहा भयो,
हाहा ! हाल बहाल भो, करुणको, बेहाल हाला भयो ॥ (११/५३)

राम र रावणको युद्धको प्रसङ्गमा उक्त पङ्क्तिहरू प्रयोगमा आएका छन्। यहाँ एकातिर महाबलशाली रावण र अर्कातिर महान् क्षमतावान् रामका बिचको युद्ध सबैतिर चाहा र डाहाको विषय हुनुका साथै त्यहाँ

हाहाकार, हाल बेहाल र स्वाहाको अवस्था समेत देखापरेको थियो भन्ने भाव व्यक्त भएको छ । यस क्रममा यहाँ 'हालत', 'हाल', 'बहाल', 'बेहाल' र 'हाला' यी अनेक शब्दमा 'हल' वर्णसमूह व्यवधानसहित र व्यवधानरहित दुवै अवस्थामा आवृत्त भएका छन् । ऊष्म र अन्तस्थ वर्णसमूहको संरचनामा आएका यी वर्ण युद्धको भयावह एवम् कारुणिक भावका सहकारी पनि छन् । बारम्बार आवृत्त वर्णसमूहका कारण काव्यांशमा लयात्मकता सिर्जना भएको छ भने श्रुतिसौन्दर्य र हृदयाह्लादकारिता पनि उत्पन्न भएको छ । माधुर्य गुण र उपनागरिका वृत्तिको विशेषता भएका यी वर्णहरू करुण रसका उपकारक पनि छन् । यसर्थ यहाँ द्विवर्णविन्यास वक्रता काव्यांशमा मनोहारिता सिर्जना गर्ने कारण बनेको छ ।

**बहुवर्णविन्यास वक्रता**

यहाँ *आदर्श राघव* महाकाव्यमा बहुवर्णविन्यास वक्रता प्रयोग भएका केही तथ्यहरू प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ :

तथ्य १: छाला बिछयाएर, अड्याई दण्डिका
झुन्ड्याई शाखातिर पुष्प–कुण्डिका
घोक्छन् छहारीमनि वेद–कण्डिका,
गर्दै वटु–बाह्मण–वर्ग गुण्डिका ।। (२/५८)

विश्वामित्र आश्रममा वटुकहरू विधिशास्त्र, वेद, देवताको स्तुतिगान, अध्यात्म विचार, यज्ञादि कर्ममा संलग्न भएको भावको वर्णनका सन्दर्भमा यस काव्यांशको अभिव्यक्ति भएको हो । यहाँ वटु-ब्राह्मण वर्ग छाला बिछयाई दण्ड अड्याएर र फूलको कँडाली झुन्ड्याएर वेदादि ग्रन्थ तथा शास्त्र दोहोर्‍याएर पढिरहेका थिए भन्ने भावको वर्णन भएको छ । यस भावको प्रस्तुतीकरणका सिलसिलामा यहाँ 'दण्डिका', 'कुण्डिका', 'कण्डिका', र 'गुण्डिका' यी अनेक शब्दहरूमा 'णडक' वर्णसमूहको आवृत्ति भएको छ । अन्त्यानुप्रासीय सौन्दर्य सिर्जनामा उक्त वर्णसमूहको महत्त्वपूर्ण भूमिका रहेको छ । यसका कारण यहाँ लयात्मकताको अवस्था पैदा भई काव्यांश आकर्षक बन्न पुगेको छ । भावगत गहनता र व्यापकतालाई वहन गर्नुका साथै श्रुतिमाधुर्य र अनुप्रासीय सौन्दर्यको सृजनासमेत भएको छ । कठोर र कोमल वर्णसमूहले काव्यांशको भावलाई उजागर गर्न सहयोग गरेकाले यहाँ बहुवर्णविन्यास वक्रता उत्पन्न भएको छ ।

तथ्य २: टलक टलक टल्की, शोभिँदा स्वर्ण–रङ्ग,
झलक झलक झल्की, दौडने त्यो कुरुङ्ग ।
झुलुक झुलुक निस्की, अल्पिँदै आतुरीमा,
पुलुक पुलुक गर्दै हेर्न लाग्यो कुटीमा ।। (६/५५)

सीता अपहरणका लागि रावणले बनाएको योजनानुसार सुनको मृग बनेको मारिचका व्यवहारको चर्चा गरिएको यस काव्यांशमा रामका कुटीनजिक आएर कहिले टल्कने, कहिले लुक्ने, कहिले देखिने, कहिले दौडने र कहिले कुटीमा हेर्ने मृगरूप मारिचका गतिविधिजन्य भावको वर्णन गरिएको छ। यस सन्दर्भमा यहाँ 'टलक टलक टल्की' पदावलीमा 'टलक' वर्णसमूह तीनपटक, 'झलक झलक भल्की' र 'झुलुक झुलुक' पदावलीमा 'झलक' वर्णसमूह पाँचपटक र 'पुलुक पुलुक' पदावलीमा 'पलक' वर्णसमूह दुईपटक व्यवधानरहित अवस्थामा आवृत्त भएका छन्। यी वर्णसमूह विस्मयकारी मृगले देखाएको विचित्र व्यवहारको भावका सहकारी छन्। उपनागरिका वृत्ति र माधुर्य गुणव्यञ्जक यी वर्णसमूहले अद्भुत रसको उपकार पनि गरेका छन्। आद्यानुप्रासीय लयसौन्दर्य र श्रुतिमाधुर्यले युक्त यी वर्णसमूहहरूका कारण काव्यांश आकर्षक र आह्लादक दुवै बनेको छ। भावगत गहनता तथा वर्ण र भावको सहसम्बन्ध पनि यहाँ कायम भएको पाइन्छ। यसरी बहुवर्णको प्रयोगले काव्यांशको भावलाई हृदयस्पर्शी तुल्याएकाले यहाँ बहुवर्णविन्यास वक्रता उत्पन्न भएको छ।

**वर्गान्तयोगी स्पर्शवर्ण वक्रता**

यहाँ *आदर्श राघव* महाकाव्यमा वर्गान्तयोगी स्पर्शवर्ण वक्रता प्रयोग भएका केही तथ्यहरू प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ :

तथ्य १: बढ्दै गयो ताण्डव चाप–दण्डको,
लड्दै गयो मण्डल रुण्ड–मुण्डको।
पाखण्डको हुण्डर खण्ड खण्ड भो
उज्जण्डको योग्य अखण्ड दण्ड भो॥ (२/६७)

ऋषिहरूले आयोजना गरेको यज्ञ आरम्भ भएपछि मारिच र दुर्वाहु मिलेर यज्ञ विध्वंश गरी चौतर्फी उत्पात मच्चाइरहेका बेला कौशिक ऋषिको आज्ञा लिएर रामले शस्त्रास्त्र प्रहार गर्दा उत्पन्न भएको अवस्थाको वर्णन यस काव्यांशमा भएको छ। यहाँ रामको जवाफी कार्यवाहीले राक्षस गणको शक्ति कमजोर हुँदै गएको र उदण्ड राक्षसले उचित दण्ड पाएको भावको अभिव्यक्ति भएको छ। यस क्रममा यहाँ प्रस्तुत 'ताण्डव', 'दण्डको', 'मण्डल', 'रुण्ड', 'मुण्डको', 'पाखण्डको', 'हुण्डर', 'खण्ड खण्ड', 'उज्जण्डको', 'अखण्ड' र 'दण्ड' पदमा 'ण्ड' वर्गान्त योग भएको संयुक्त स्पर्शवर्ण प्रयोग भएको छ। युद्ध विषयक कठोर भावको वर्णन भएको उक्त काव्यांशमा 'ण्ड' वर्गान्तयोगी स्पर्श वर्णको प्रयोग सान्दर्भिक देखिन्छ। ओज गुण र परुषा वृत्तिले युक्त वर्गान्तयोगी वर्णको प्रयोगबाट उत्साहजन्य भाव आह्लादक बनेको छ। उक्त वर्गान्तयोगी वर्णको बारम्बारको प्रयोगले दुष्ट मतिका राक्षसहरूको क्षति भएको अभीष्टार्थले युक्त काव्यांश लयात्मक बनेको छ। यसरी भावानुकूल वर्णको आयोजना भई यो काव्यांश वर्गान्तयोगी स्पर्शवर्ण वक्रताका शोभाले मनोहर बन्न पुगेको देखिन्छ।

तथ्य २: तरङ्ग रसरङ्गको, चमक सोह्र शृङ्गारको,
उमङ्ग सव अङ्गको, चमक हेम–भृङ्गारको ।
प्रसङ्ग नवसंगको, लमक चञ्चलापाङ्गको
अनङ्ग पनि मान्दथ्यो गमक तेजिलो दङ्गको ॥ (३/४४)

रामचन्द्रले शिव धनुष उठाई चाँदो चढाएपछि जनक राजाकी छोरी सीताको विवाह रामसँग हुनपुगेको भावको वर्णनका सन्दर्भमा व्यक्त यस काव्यांशमा रसरङ्गको तरङ्गमा अनेक शृङ्गारले अङ्ग अङ्गहरू उमङ्ग बनेका नव दम्पतीको सौन्दर्यले कामदेवलाई पनि चकित तुल्याउँथ्यो भन्ने अभीष्टार्थको अभिव्यक्ति भएको छ । यस अभीष्टार्थको अभिव्यक्तिका क्रममा यहाँ 'तरङ्ग', 'रसरङ्गको', 'शृङ्गारको', 'उमङ्ग', 'अङ्गको', 'भृङ्गारको', 'प्रसङ्ग' 'चञ्चलापाङ्गको', 'अनङ्ग' र 'दङ्गको' यी अनेक पदमा वर्गान्तयोगी स्पर्शवर्ण 'ङ्ग' दसपटक दोहोरिएर आएको छ । यी वर्गान्तयोगी स्पर्शवर्णको प्रयोगका कारण यहाँ श्रुतिरमणीयता र लयमधुरता उत्पन्न भएको छ । यी वर्णहरू नव दम्पतीको आकर्षक स्वरूप र शृङ्गारबाट उत्पन्न शृङ्गारिक भावका लागि अनुकूल पनि छन् । अनेकपटक 'ङ्ग' को आवृत्ति हुनु काव्यांशलाई सौन्दर्यातिशय तुल्याउने कारण त बनेकै छ, त्यसमा पनि 'चञ्चलापाङ्गको' पदमा 'च' वर्णको आफ्नै वर्गान्त वर्ण 'ञ' को योग भई बनेको 'ञ्च' र 'मान्दथ्यो' पदमा 'द' वर्णको वर्गान्त वर्ण 'न' को योग भई बनेको 'न्द' को प्रयोगले थप सौन्दर्य प्रदान गरेको छ । यसरी विभिन्न वर्गान्तयोगी स्पर्शवर्ण र भावको सहकारिताले काव्यांश मनोहारिताले युक्त बनेको छ ।

तथ्य ३: उद्दण्ड प्रबल अखण्ड वीर चर्का,
ती जोडा कपि–भट, चण्ड मुण्ड अर्का ।
झण्डा झैँ सहज उठाई लोह–दण्ड
गम्कन्थे गरि रण–ताण्डव प्रचण्ड ॥ (९/३१)

बाली र सुग्रीवको भीषण युद्धका प्रसङ्गमा व्यक्त यस काव्यांशमा अत्यन्त वीर जोडा बानरले लोहदण्ड झन्डाझैँ सजिलै उठाएर भीषण युद्ध गरेका भावको प्रस्तुतीकरण भएको छ । यस भावको अभिव्यक्तिका सिलसिलामा यहाँ 'उदण्ड', 'अखण्ड', 'चण्ड', 'मुण्ड', 'झण्डा' (झन्डा), 'लोह-दण्ड', 'ताण्डव' र 'प्रचण्ड' पदहरूमा 'ड' स्पर्शवर्णसँग आफ्नै वर्गको वर्गान्त वर्ण 'ण' को योग भई बनेको 'ण्ड' को आवृत्ति भएको छ । युद्ध प्रसङ्ग र तत्जन्य कठोर भावका लागि यी कठोर वर्णहरूको प्रयोग उपयुक्त छ कठोर मानिएको वीर रसका उपकारी पनि छन् । अनुप्रासीय सौन्दर्य तथा लयमाधुर्यका लागि पनि यी वर्णले योगदान गरेका छन् । यिनमा ओज गुण र परुषा वृत्तिको गुण पनि पाइन्छ । यसरी वानरराज बाली र सुग्रीवले एकअर्कालाई मार्ने र युद्ध जित्ने गरी गरेको

भिडन्तका भावलाई उत्कर्षशाली तुल्याउन वर्गान्तयोगी स्पर्शवर्णहरूको योगदान रहेकाले यो काव्यांश आह्लादमय बनेको छ।

तथ्य ४: लड्थे षण्ड भुषण्ड जण्ड, मदका झण्डा सरी हुण्डरी
रक्षो–मण्डल, खण्ड खण्ड दलले चौखण्ड घेरा गरी।
हुन्थ्यो राघवको प्रचण्ड खँदिलो दोर्दण्डको वास्तव,
तोड्ने शत्रु–घमण्ड, हण्डर दिँदै, कोदण्डको ताण्डव॥ (११/४१)

राम र रावणको युद्ध वर्णनका सिलसिलामा प्रस्तुत यस काव्यांशमा दुवै पक्षका योद्धाहरू खण्ड खण्ड दलले रक्षा मण्डल घेरेर उच्च उत्साहका साथ लडाइँमा संलग्न रहेका र रामचन्द्रको शक्तिले विपक्षीलाई हन्डर र ठक्कर दिँदै शत्रुको घमण्ड तोड्थ्यो भन्ने भाव प्रस्तुत भएको छ। यस क्रममा यहाँ ‘षण्ड’, ‘भुषण्ड’, ‘जण्ड’, ‘झण्डा’, ‘हुण्डरी’, ‘रक्षो-मण्डल’, ‘खण्ड खण्ड’, ‘चौखण्ड’, ‘प्रचण्ड’, ‘दोर्दण्डको’, ‘घमण्ड’, ‘हण्डर’, ‘कोदण्डको’ र ‘ताण्डव’ पदहरू प्रयोग भएका छन्। यी पदहरूमा ‘ड’ स्पर्शवर्णसँग यसको आफ्नो वर्गान्त वर्ण ‘ण’ को योग भई बनेको ‘ण्ड’ वर्गान्तयोगी स्पर्शवर्णको पन्ध्रपटक आवृत्ति भएको देखिन्छ। यति धेरैपटक वर्गान्तवर्णसँग योग भएको स्पर्शवर्णको आवृत्ति आफैँमा सौन्दर्यमय छँदै छ, यसले लयात्मकताका लागि पनि भूमिका निर्वाह गरेको छ। यस प्रकारको कठोर वर्णले कठोर मानिएको उत्साह भावलाई उपकार पनि गरेको छ। भीषण युद्धमा अर्काकी पत्नीको अपहरण गर्ने खलनायक रावणले नैतिक आचरणमा रहेका धर्मपक्षधर नायक रामको प्रहारको सामना गर्न नसकेको काव्यांशको अभीष्टार्थलाई अभिव्यञ्जित गर्न उक्त वर्गान्तयोगी वर्ण उपयोगी पनि छ। यसरी वर्ण र अर्थका बिचमा सहकारिता कायम गर्न योगदान गर्ने उक्त वर्गान्तयोगी स्पर्शवर्णले काव्यांशलाई वैचित्र्य प्रदान गरेकाले यहाँ वर्गान्तयोगी स्पर्शवर्ण वक्रताको शोभा देखापरेको छ।

तथ्य ५: झम्पा उठाइ भारीकम्पाई तीर–शैलको शिखर।
चम्पाको पादपझैँ पम्पा–भट बेसरी उठे उपर॥ (१०/८)

रामका दूत बनेर सीता खोज्दै लङ्काको लक्ष्य गरी अघि बढेका हनुमान्ले गरेको समुद्रप्लवनको वर्णनका सन्दर्भमा अभिव्यक्त यस काव्यांशमा समुद्र पार गर्न समुद्र र पहाडको शिखरलाई कम्पन गराउँदै वीर हनुमान् उठेको भावको अभिव्यक्ति भएको छ। यस भावाभिव्यक्तिका क्रममा यहाँ ‘झम्पा’, ‘कम्पाई’, ‘चम्पाको’ र ‘पम्पा-भट’ पदमा ‘प’ स्पर्शवर्णसँग यसको वर्गान्त वर्ण ‘म’ संयुक्त भई बनेको ‘म्प’ को चारपटक आवृत्ति भएको छ। समुद्र पार गर्न उठेका हनुमान्को साहसी कर्मबाट उत्पन्न वीर रसका लागि उक्त वर्गान्तयोगी स्पर्शवर्ण उपकारी बनेको छ। हरेक पङ्क्तिको प्रारम्भमा आएका पदमा यस वर्णको प्रयोगले आद्यानुप्रासीय सौन्दर्य सिर्जना गर्नुका साथै

काव्यांशलाई लयात्मकता पनि प्रदान गरेको छ। यसरी हनुमान्‌को वीरत्वको भावलाई उजागर गर्न सहयोग गरेर उत्पन्न भएको वर्गान्तयोगी स्पर्शवर्ण वक्रता काव्यांशलाई चमत्कृत तुल्याउने कारण बनेको छ।

तथ्य ६: गड्क्यो रावणको पटापट महाहङ्कार–हुङ्कारको
जोडा, राघवको चटाचट धनुष्टङ्कार ठङ्कारको
अन्धाधुन्ध कबन्ध-ताण्डव खुल्यो ढाकी रण प्राङ्गण
हेर्थे मुण्डहरू उछिट्टिइ हुँदै वाणाग्रका कङ्कण ॥ (११/४९)

राम र रावणको युद्धको वर्णनका प्रसङ्गमा प्रस्तुत भएको यस काव्यांशमा अहङ्कार र हुङ्कार प्रदर्शन गरिरहेको रावण र धनुष्टङ्कारको ठङ्कार दिइरहेका रामका बिचमा भएको भीषण युद्धको रण मैदानमा वाण लागेर मुण्डहरू उछिट्टिन पुगेको भावको प्रस्तुति भएको छ। यस क्रममा यहाँ ‘ महाहङ्कार’, ‘हुङ्कारको’, ‘धनुष्टङ्कार’ ‘ठङ्कारको’ र ‘कङ्कण’ पदमा स्पर्शवर्ण ‘क’ र यसको आफ्नै वर्गान्तवर्ण ‘ङ’ को योग भई बनेको ‘ङ्क’ को पाँचपटक; ‘अन्धाधुन्ध’ र ‘कबन्ध’ पदमा स्पर्शवर्ण ‘ध’ वर्णको आफ्नै वर्गान्तवर्ण ‘न’ को योग भई बनेको ‘न्ध’ को तीनपटक र ‘ताण्डव’ र ‘मुण्डहरू’ पदमा ‘ड’ वर्णको वर्गान्त वर्ण ‘ण’ को योग भई निर्माण भएको ‘ण्ड’ को दुईपटक आवृत्ति भएको छ। यहाँ अनेक वर्गान्तयोगी स्पर्शवर्णको प्रयोगले काव्यांश शोभातिशय बनेको छ। यी कठोर वर्णसमूह कठोर रसको उपकारी बनेर यहाँ आएका पनि छन्। युद्ध विषयक भाव र वर्णको सहकारिता पनि यहाँ पाइएको छ। यहाँ प्रयुक्त ‘प्राङ्गण’ पदमा आएको ‘ङ्ग’ को प्रयोगले थप सौन्दर्य प्रदान गरेको छ। यसर्थ यहाँ वर्गान्तयोगी स्पर्शवर्ण वक्रताका कारण काव्यांश हृदयाकर्षक बन्न पुगेको छ।

**तलनादि द्वित्ववर्ण वक्रता**

यहाँ *आदर्श राघव* महाकाव्यमा तलनादि द्वित्ववर्ण वक्रता प्रयोग भएका केही तथ्यहरू प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ :

तथ्य १: हरिण तृण उचाली चर्दछन् गल्लि–गल्ली,
मधुप मधु सँगाली झुल्दछन् वल्लि–वल्ली।
ढुसुढुसु उधमन्टो लाई उड्छन् मजूर,
मुसुमुसु गरी भन्छन् हाँस हाँ हाँ हजुर॥ (६/३)

शारदी शोभाको वर्णनका क्रममा उक्त काव्यांशको अभिव्यक्ति भएको हो। यस काव्यांशमा शरद ऋतुमा हरिण, मौरी, मयूर र हाँसको गतिविधिको चर्चा गरिएको छ। हरिण ससाना बाटामा घाँस चर्दै हिँडेका, मौरी लहरा लहरा चहारेर मह भेला पारिरहेका, मयूर शीतल छहारीमा बसेर निदाइरहेका र हाँस हाँ हाँ गरेर कराइरहेका हुन्छन् भन्ने अभीष्टार्थ प्रस्तुत भएको छ। यस भावको अभिव्यक्तिका क्रममा यहाँ ‘गल्लि-गल्ली’ र ‘वल्लि-वल्ली’

पदहरूमा 'ल' वर्णको द्वित्व रूप 'ल्ल' को आवृत्ति भएको छ। यसबाट अन्त्यानुप्रासीय लयमाधुर्य र श्रुतिसौन्दर्य उत्पन्न भएको छ। शरद ऋतुमा हरिणले गल्लीमा घाँस र मौरीले लहरामा मह प्राप्त गर्न सक्ने हर्ष विषयक कोमल भावका लागि प्रयुक्त उक्त कोमल द्वित्ववर्ण वर्ण्य विषय अनुकूल पनि छ। यसरी काव्यांशलाई सौन्दर्यातिशय तुल्याउन तलनादि द्वित्ववर्णको प्रयोग कारण बनेको हुँदा यहाँ तलनादि द्वित्ववर्ण वक्रता उत्पन्न भएको छ।

तथ्य २: संयुक्त पञ्च-तत्त्व प्रपञ्च हो पञ्चले भन्दछन्।

स्थिर-सत्त्व तत्त्ववेत्तानश्वर निस्तत्त्व नै देख्दछन्॥ (१६/४८)

रामद्वारा त्यागिएकी सीताले वाल्मीकि आश्रममा विलाप गर्दा मुनिले उनलाई सम्झाउने क्रममा प्रस्तुत भएको यस काव्यांशमा पृथ्वी, अप, तेज, वायु र आकाशले बनेको पाञ्चभौतिक शरीरलाई स्थिर चित्त भएका तत्त्ववेत्ताहरूले नाशवान् र तत्त्वशून्य नै देख्दछन् भन्ने भाव प्रस्तुत भएको छ। संसार निःसार भएकाले शोक गर्नु व्यर्थ छ भन्ने मुनिको आशय यहाँ व्यक्त भएको छ। यस भावाभिव्यक्तिका क्रममा यहाँ 'पञ्च–तत्त्व', 'स्थिर–सत्त्व', 'तत्त्ववेत्ता' र 'निस्तत्त्व' पदहरूमा 'त्' वर्णको द्वित्व रूप 'त्त' पाँचपटक आवृत्त भएको छ। यस प्रकारको प्रयोगबाट यहाँ श्रुतिगत सौन्दर्य र लयगत माधुर्य उत्पन्न भई काव्यांशको भाव निकै हृदयस्पर्शी बनेको छ। यहाँ नाशवान् शरीरका लागि शोक गरेर समय खेर फाल्ने व्यर्थ छ भन्ने ज्ञानमूलक नीतिचेतनाजन्य अर्थका लागि अनेक पदमा प्रयुक्त 'त्त' वर्ण उपकारक बनेको छ। नाद सौन्दर्य समेत उत्पन्न भएको यस काव्यांशमा तलनादि द्वित्व वक्रता उत्पन्न भई त्यसले काव्यांशलाई चमत्कृत तुल्याएको छ।

**रकारादि संयुक्तवर्ण वक्रता**

यहाँ *आदर्श राघव* महाकाव्यमा रकारादि संयुक्तवर्ण वक्रता प्रयोग भएका केही तथ्यहरू प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ :

तथ्य १: सत्कार पाई विविध प्रकारको,

आतिथ्य पाएर वनोपचारको।

विश्रामको, आश्रममा विहारको,

आनन्द उर्ल्यो मनमा कुमारको॥ (२/६१)

राक्षसहरूको दुष्ट व्यवहारबाट ऋषिहरूलाई बचाउन र निर्विघ्नतापूर्वक यज्ञादि कर्म गर्ने वातावरण निर्माण गर्न राम र लक्ष्मण विश्वामित्र ऋषिको आश्रममा पुगेको भावको वर्णनका क्रममा प्रस्तुत भएको यस काव्यांशमा उक्त आश्रमममा राम र लक्ष्मण अनेक प्रकारको सत्कार, विश्राम र विहार पाएर आनन्दित भएका थिए भन्ने भाव अभिव्यक्त भएको छ। यस अभीष्टार्थका लागि यहाँ 'विश्रामको' र 'आश्रम' पदमा रकारसँग ऊष्म वर्ण 'श्' संयुक्त भई बनेको 'श्र' वर्णको आवृत्ति भएको छ। काव्यांशको भावानुकूल वर्णको आयोजना गरिएकाले यहाँ प्रस्तुत

अभिव्यक्ति रमणीय एवम् प्रभावकारी बनेको छ। 'उर्ल्यो' पदमा पनि रकारसँग 'ल' वर्ण संयुक्त भएर आएकाले काव्यांशको भावमा थप सौन्दर्य सिर्जना भएको छ। यसर्थ रकारादि संयुक्त वर्णविन्यास वक्रता कारण भावगत आह्लादकता उत्पन्न भएको छ।

तथ्य २: म हुँ सेवक रघुपतिजीको,
खोज्दै आएँ समुद्र पार गरी।
शुभ भाग्यले दिलायो,
दर्शन, वर्षाई हर्षको लहरी॥ (१०/२७)

रामका दूत हनुमान् रावणद्वारा अपहरित सीतालाई खोज्दै समुद्र पार गरी लङ्कामा पुगेर सीतासँग भेट गर्दा सीता र हनुमान्को संवादका सिलसिलामा यस काव्यांशको प्रस्तुतीकरण भएको हो। हनुमान्को अभिव्यक्तिका रूपमा प्रस्तुत यस काव्यांशमा हनुमान्ले सीतालाई आश्वस्त पार्दै आफू रामसेवक भएको र समुद्र पार गरी आउँदा सीतासँगको भेटले हर्ष लागेको भाव प्रस्तुत भएको छ। यस भावाभिव्यक्तिका क्रममा यहाँ 'दर्शन', 'वर्षाई' र 'हर्षको' पदमा रकारसँग ऊष्म वर्ण 'श तथा ष' संयुक्त भई बनेको 'र्श तथा र्ष' वर्णको आवृत्ति भएको छ। सीतालाई भेट्दा हनुमान्का मनमा उत्पन्न भएको चरम खुसीको भावलाई उक्त संयुक्त वर्णले प्रभावकारी तुल्याएको छ। 'वर्षाई' पदको प्रयोगबाट हर्षको उच्चतालाई अभिव्यक्त गरिएको छ। आवृत्त वर्णले काव्यांशको भावलाई उत्कर्षता प्रदान गरेको पनि छ। यसरी सामान्य बानरले भेट्न नसक्ने स्थानमा पुर्‍याइएकी सीतालाई भाग्यले सीता माताको दर्शन गर्न पाउनुका साथै रामले विश्वास गरी जिम्मा दिएको कार्य सफल बनेको हुँदा हर्षको वर्षा नै भएको काव्यांशको भावका लागि उक्त संयुक्त वर्णको प्रयोग औचित्यपूर्ण तथा सौन्दर्यपूर्ण .पनि छ। यसर्थ यहाँ रकारादि संयुक्तवर्ण वक्रता उत्पन्न भई अभिव्यक्ति मनोहर बनेको छ।

**यमक र यमकाभास वक्रता**

यहाँ *आदर्श राघव* महाकाव्यमा यमक र यमकाभास वक्रता प्रयोग भएका केही तथ्यहरू प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ :

तथ्य १: सब हिमाल हिमालयका खुले,
नव सरोज सरोजलमा फुले।
अब पलास पलाशमहाँ चढे,
तब अशोक अशोक भई बढे॥ (८/२) ।

वसन्त ऋतुको वर्णनका सन्दर्भमा अभिव्यक्त भएको यस काव्यांशमा वसन्त ऋतुमा मौसम सफा भएर हिमालयका हिमालहरू सुन्दर रूपमा देखिएका, पोखरीमा कमलका फूलहरू फुलेका, पलाँस वनस्पतिमा पनि

वनस्पतिको चुरोभन्दा बाहिर बोक्राभन्दा भित्रको पलाँस भाग बढ्न थालेको र अशोक वनस्पति भारतीय प्रतापी शासक अशोकको प्रताप बढेझैँ बढेको भावको अभिव्यक्ति भएको छ। यस भावको प्रस्तुतीकरणका सन्दर्भमा यहाँ 'हिमाल' र 'हिमालय' तथा 'सरोज' र 'सरोजल' पदहरू भिन्नार्थक भएर पनि समान वर्णयुक्त छन्। कुनै व्यवधानबिना प्रस्तुत भएका यी पदहरूबाट वसन्त ऋतुमा बादल हटेर हिमालयमा हिमालहरूको दृश्य रमणीय देखिएको र पोखरीमा कमल सुगन्धमय बनेर वातावरण आकर्षक बनेको भाव प्रस्तुत काव्यांशमा सरल ढङ्गले अभिव्यक्त भएको छ। यसले गर्दा यहाँ तत्काल अर्थबोध सम्भव देखिन्छ भने प्रसाद गुण र श्रुतिमाधुर्ययुक्त अभिव्यक्तिका कारण काव्यांश आकर्षक बनेको छ। पादमध्येमा आएका उक्त पदहरूमा स्थान नियमको परिपालना पनि भएको छ। काव्यांशको भावका अनुकूल भएर आएका उक्त पदहरूमा यमकालङ्कारको विशेषता देखिएकाले यमक वक्रताको सौन्दर्य प्रकट भएको छ।

तथ्य २: सुनयना नयना–कृति अल्पियो,
सुरदना–रदनाङ्कुर लोपियो।
सुवदना –वदनामृत पोखियो
सुगमना–गमनाङ्कन छोपियो॥ (८/३३)

वसन्त ऋतुको आगमनले बेचैनी बनाएको र आफ्नी भार्याको चिन्ताले सताएको रामको अवस्थाको वर्णनका क्रममा प्रस्तुत भएको यस काव्यांशमा सीताको स्वरूप वा विशेषताको चर्चा गरिएको छ। यहाँ राम्रो नयन भएकी सीता र उनको त्यस्तो नेत्रको आकार हराएको, मिलेका सुन्दर दन्तहरूले युक्त सीता र उनको दन्तपङ्क्तिको शोभा लोप भएको, सुन्दर अनुहार भएकी सीता र सुमुखी सीताको मुखको अमृत पोखिएको तथा लचकदार भई आकर्षक रूपमा हिँड्ने सीता र तिनका पाइलाको छाप पनि छोपिएको भाव व्यक्त भएको छ। भावाभिव्यक्तिका लागि यहाँ 'सुनयना' र 'नयना-कृति'; 'सुरदना', र 'रदनाङ्कुर'; 'सुवदना' र 'वदनामृत' तथा 'सुगमना' र 'गमनाङ्कन' पदहरू समान वर्णयुक्त र भिन्नार्थक छन्। पादादिमा आएका यी पदहरू स्थान नियमको परिपालनाका साथ प्रस्तुत भएका पनि छन्। भावार्थ बोधका लागि यिनले बाधा नपुऱ्याएकाले सहज अर्थबोध हुने स्थिति पनि यहाँ पाइएको छ। श्रुतिरमणीयता र अभिव्यक्तिगत आकर्षण हुनाका साथै अनेक पदसमूहको आवृत्तिले लयात्मकता प्रदान गरेको पनि छ। यसर्थ यी पदसमूहबाट यमक वक्रताको सिर्जना भएको छ।

तथ्य ३: कमल कुमुद पालो बाँधी, जागा भएर,
हरबखत सरःश्रीलाई रक्षा गरेर।
कमल र कमलाको बन्धु–शैली जनाई,
दिन दिन दिनलागे सूचना लोकलाई॥ (६/६)

शरद ऋतुको वर्णनका सन्दर्भमा व्यक्त भएको यस काव्यांशमा शरद ऋतुमा कमल (दिउँसो फुल्ने) र कुमुद (राति फुल्ने) फूलले पालो बाँधेर सधैँ तलाउको सम्पत्तिलाई रक्षा गर्दै कमल (फूल) र कमला (लक्ष्मी) बन्धुजस्तै हुन् भन्ने सूचना लोकलाई दिन लागेका छन् भन्ने भाव व्यक्त भएको छ । यस भावको अभिव्यक्तिका क्रममा यहाँ 'कमल' पदको अकार आकारमा परिणत भई 'कमला' बनेको छ । समान व्यञ्जन वर्णमा स्वर वैषम्यका कारण उक्त स्थिति देखिएको हो । 'कमल' फूलल अर्थमा र 'कमला' लक्ष्मी अर्थमा प्रयुक्त भएकाले स्वर वैषम्यले यिनको अर्थलाई भिन्न तुल्याएको पनि छ । कोमल वर्णको प्रयोग भएका उक्त पदहरूले शरद् ऋतुमा देखिएको कमल फूलको महिमाको भावलाई अभिव्यञ्जित पनि गरेका छन् । प्रसाद गुणले युक्त यी वर्ण प्रयुक्त पदहरूमा श्रुतिमाधुर्य पनि पाइएको छ । यमकझैँ लागे पनि यी यमक नभएर यमकाभासको अभिप्रायमा प्रयोग भएकाले यहाँ यमकाभास वक्रता उत्पन्न भई त्यसले काव्यांशका भावलाई आह्लादक तुल्याएको छ ।

तथ्य ४: अधम उधुमलाई जन्म मेरो,
विहित रहेछ, पर्‍यो विपत् घनेरो ।
जहर भरिरहेछ कर्म खोटो,
अपयश–कोश रहेछ भाग्य छोटो ॥ (४/६७)

अयोध्या नरेश दशरथले आफ्नी श्रीमतीको भनाइमा लागेर जेठा छोरा रामलाई चौध वर्ष वनबास र माहिला छोरा भरतलाई राजगद्दी दिने भएपछि बाबुको आज्ञानुसार राम अर्का भाइ लक्ष्मण र पत्नी सीतासहित वनबास जान्छन् भने भरत आफ्ना आदरणीय दाजुलाई वनबास पठाइएकोमा चिन्तित बनेर विलाप गर्दछन् । भरतले गरेको यही विलापका सन्दर्भमा प्रस्तुत काव्यांश अभिव्यक्त भएको हो । यहाँ विधिअनुसार नै निकृष्ट रडाको मच्चाउन आफ्नो जन्म भएकोमा र विष भरिएको कर्म गर्नुपरेकाले भाग्य अकीर्तिको भण्डार बनेकोमा भरतले पीडाबोध गरेको भावको अभिव्यक्ति भएको छ । यस भावको प्रस्तुतिका सिलसिलामा यहाँ 'अधम' र 'उधुम' पदहरूमा 'अधम' को अकार स्वर वैषम्य भई उकारमा परिणत भएर 'उधुम' बनेको छ । 'अधम' निकृष्ट वा पापी अर्थमा र 'उधुम' रडाको अर्थमा प्रयोग भएकाले यी पदहरू भिन्नार्थक छन् । कोमल वर्णले युक्त उक्त वर्ण प्रयुक्त पदहरूबाट भरतको विलापजन्य कारुणिक भाव अभिव्यञ्जित भएको छ । श्रुतिमाधुर्यले युक्त प्रस्तुत अभिव्यक्तिमा प्रसाद गुण पाइएको छ । यमकजस्तै लागे पनि यमक नभएकाले यी यमकाभासको तात्पर्यमा प्रयुक्त छन् । यसर्थ यहाँ यमकाभास वक्रताको शोभा देखापरेको छ ।

**निष्कर्ष**

सोमनाथ शर्मा सिग्द्यालद्वारा लेखिएको *आदर्श राघव* महाकाव्यमा एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता र बहुवर्णविन्यास वक्रताका प्रयोगहरू पाइएका छन् । यी वक्रताहरू कतै व्यवधानसहित र कतै

व्यवधानरहित अवस्थामा रहेका छन् । माधुर्य गुण र उपनागरिका वृत्ति; ओज गुण र परुषा वृत्ति तथा प्रसाद गुण र कोमला वृत्तिव्यञ्जक वर्णहरूको आवृत्ति भई प्रयोगमा आएका यी वर्णहरू भावानुकूल पनि छन् । आवृत्त वर्णहरूबाट लयमाधुर्य तथा श्रुतिसौन्दर्यको अवस्था पैदा भएको छ । शान्त, वीर, करुण रसका उपकारक बनेर प्रयोगमा आएका आवृत्त वर्णहरूबाट काव्यांशको भाव आह्लादक बन्न पुगेको अवस्था यहाँ पाइएको छ ।

यहाँ वर्गान्तयोगी स्पर्शवर्ण वक्रताको प्रचुर प्रयोग भएको पाइएको छ । वीर र रौद्र रसको अभिव्यक्तिका क्रममा यहाँ 'ण्ड', 'ङ्क' र 'न्ध' वर्गान्तयोगी स्पर्शवर्णको प्रयोग अधिक मात्रामा भएको छ । यस्ता वर्णहरूको प्रयोगबाट काव्यांशको भावको उपकारसमेत भएको छ भने लयसौन्दर्य पनि उत्पन्न भएको छ । सौन्दर्य सिद्धिका निमित्त 'ल' वर्ण र 'त' वर्णको द्वित्व रूप क्रमशः 'ल्ल' र 'त्त' को प्रयोग यहाँ पाइएको छ । काव्यांशको भावलाई उजागर गर्न यस्ता वर्णले सहयोग पनि पुर्‍याएका छन् । यस प्रकारको प्रयोगबाट काव्यांशमा तलनादि द्वित्ववर्ण वक्रताको सिर्जना भएको छ । रकारलाई श तथा ष, य वर्णसँग संयुक्त बनाई रकारादि संयुक्तवर्ण विन्यास वक्रताको सिर्जना यहाँ गरिएको छ भने भाव र वर्णको सहकारिता भएका यस्ता वर्णहरूको प्रयोगबाट अभिव्यक्ति रमणीय प्रभावकारी बनेको छ ।

स्थान नियमको परिपालना भएको र प्रसाद गुणले युक्त भिन्नार्थबोधक समान वर्णको आवृत्ति भई यमक वक्रताको सिर्जना यहाँ भएको छ । महाकाव्यमा यस्ता यमक वक्रताको प्रयोग अधिक छ । स्वर वैषम्यका कारण आवृत्त व्यञ्जन वर्ण प्रयुक्त पदबाट भिन्न अर्थ अभिव्यक्त भएको अवस्था पनि यहाँ छ । यमकझैँ लागे पनि यमक नभएर यमकाभासको अभिप्रायमा प्रयुक्त यस्ता वर्ण प्रयोगको अवस्था भने सामान्य रहेको छ । समग्रमा हेर्दा यस महाकाव्यमा वर्गान्तयोगी स्पर्शवर्ण वक्रता र यमक वक्रताको प्रयोगको अवस्था अत्यधिक; एक र द्विवर्णविन्यास वक्रताको प्रयोगको अवस्था मध्यम र अन्य वर्णविन्यास वक्रताको प्रयोगको अवस्था सामान्य रहेको छ ।

## सन्दर्भसामग्री


अधिकारी, गङ्गाप्रसाद (२०७३), *तरुणतपसी नव्यकाव्यमा वक्रोक्ति,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

उपाध्याय, केशवप्रसाद (२०६७), *पूर्वीय साहित्यसिद्धान्त, (पाँ. सं.),* साझा प्रकाशन ।

कुन्तक, (सन्२०१२), *वक्रोक्तिजीवितम्,* (व्याः विश्वेश्वर), रामलाल पुरी ।

कुन्तक, (सन् २०१४), *वक्रोक्तिजीवितम्, (छै. सं.),* (व्याः दशरथ द्विवेदी), विश्वविद्यालय प्रकाशन ।

कुन्तक, (सन् २०१७), *वक्रोक्तिजीवितम्, (व्याः परमेश्वरदीन पाण्डेय),* चौखम्बा सुरभारती प्रकाशन ।

खनाल, श्यामप्रसाद (२०६८), *मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय ।

गुरागाईँ, यज्ञप्रसाद (२०७८), *ईश्वरवल्लभका कवितामा वक्रोक्ति,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय ।

जोशी, ताराप्रसाद (२०४६), *आदर्श राघवको शास्त्रीय विवेचना,* रत्न पुस्तक भण्डार ।

थेगिम, शोभाकान्ति (सन् १९९२), *नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन तथा विश्लेषण,* सौरभ प्रकाशन ।

नगेन्द्र, (सन् १९८३), *भारतीय काव्यशास्त्रकी भूमिका, (ते. सं.),* नेसनल पब्लिसिङ हाउस ।

पौडेल, विष्णुप्रसाद (२०६८), वक्रोक्ति सिद्धान्त र यससँग शैलीविज्ञानको निकटता, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),* (पृ.६०३–६२१) रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, (चौ. सं.),* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, ऋषिराम (२०७४), धृतराष्ट्र खण्डकाव्यमा वक्रता, *पूर्वीय साहित्यशास्त्रीय नेपाली प्रायोगिक समालोचना,* सुरेश अर्याल ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८), *पूर्वीय एवम् पाश्चात्य साहित्य–समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,* (ते. सं.), साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ शर्मा (२०५०), *आदर्श राघव, (पाँ. सं..),* साझा प्रकाशन ।